# सगरमाथा घोषणापत्र तथा कार्ययोजना, २००२

दक्षिण एसियामा जलस्रोतको विकास र विश्व बाँध आयोगको प्रतिवेदनसम्बन्धी अन्तर्राष्ट्रिय परामर्शबाट पारित
८ १० डिसेम्बर २००२, काठमाडौं, नेपाल

दक्षिण एसियाका राष्ट्रहरू नेपाल, भारत, पाकिस्तान, भुटान र श्रीलङ्काका हामी सहभागीहरू आ ना सहयोगी र मित्रहरूका साथ जल तथा जलविद्युत्सम्बन्धी नीति एवम् आयोजनाहरूको पुनरावलोकन गर्न, दक्षिण एसियाका जनताहरूका अविच्छिन्न अधिकारहरू किटान गर्न र दक्षिण एसियाका सबै समुदाय र जनताहरूमाझ न्याय र शान्तिका साथै जनकेन्द्रित विकास सुनिश्चित गर्न नेपालको काठमाडौंमा भेला भएका छौं ।

हामी “जनताका निम्ति पानी” र “पानी जीवन हो” भन्ने विश्वव्यापी सत्यको घोषणा गर्दछौं जसलाई धेरै जनता, सरकार, सङ्गठन र सञ्जालहरूले विभिन्न मञ्चहरूमा समर्थन गरेका छन् ।

हामी जलस्रोत विकासका नीति, योजना र आयोजनाका सन्दर्भमा हुने कुनै पनि बहस, छलफल र/वा संवादमा जल, नदी, सिमसार, तटीय तथा सामुन्द्रिक स्रोत, वन र खनिजजस्ता जमिन एवम् प्राकृतिक स्रोतहरूमाथि जनता तथा समुदायहरूका निरपेक्ष सार्वभौम अधिकारहरूलाई सर्वोपरी राखिनुपर्दछ भनी जोडदार किटान गर्दछौं ।

हामीले माथि उल्लिखित दक्षिण एसियाली राष्ट्रहरूको अवस्थाबारे पुनरावलोकन तथा छलफल गरेपछि यस क्षेत्रमा अस्तित्वमा रहेका धेरै विकासनीतिहरू अलोकतान्त्रिक, जनविरोधी, वातावरणविरोधी र जीवनविरोधी रहेको पायौं । यसको सट्टा तथाकथित प्रबल “मूलधार” का नीतिहरूले निजीकरण, स्वेच्छाचारिता तथा आर्थिक संरचनात्मक समायोजन कार्यक्रम थोपर्दै राष्ट्रिय वा विश्वव्यापी संभ्रान्त र सङ्गठित स्वार्थहरूको पक्षपोषण गर्दछन् ।

हामी विशेषगरी केन्द्रीकृत र ठूला नदी उपत्यका हुने आयोजनाहरूले जनताबीच, जनता र राज्यबीच तथा राज्य राज्यबीच गम्भीर द्वन्द्वहरू सिर्जना गरेकोमा गहिरो चिन्ता जाहेर गर्दछौं ।

हामी दक्षिण एसियामा विश्वकै दोस्रो ठूलो सङ्ख्यामा बनिसकेका वा प्रस्तावित ठूला बाँध, जलासय र सिँचाइ नहरहरू अवस्थित छन् भन्ने मान्दछौं । यीमध्ये केही आयोजनाहरूले सामान्य लाभ प्राप्त गरे तापनि केहीले लक्षित उद्देश्य वा विज्ञहरूको पूर्वानुमान पुरा गरे पनि तिनले जनताको निम्ति अकथनीय दुःख निम्त्याएका छन् र ठूलो परिमाणमा अत्यधिक एवम् पुनर्स्थापना गर्नैनसकिने वातावरणीय विध्वङ्स मच्चाएका छन् जसको क्षतिपूर्ति गर्नसकिँदैन ।

हामी जल तथा जलविद्युत्को क्षेत्रमा तथाकथित विकाससम्बन्धी योजना र हस्तक्षेप सिङ्गो हिमालय क्षेत्रभरी मानवअधिकार, पर्यावरणीय असर एवम् आर्थिक दिगोपन सहितको कुनै स्पष्ट र व्यापक क्षेत्रीय नीति र चीनजस्तो यस क्षेत्रभन्दा बाहिरका देशसँग सम्बन्धित सिमापारका सरोकारहरू बिना जथाभावी बाँध निर्माण गरिने विषयमा पनि चिन्तित छौं ।

हामी आदिवासी तथा जातीय समुदाय, दलित, जनजाति र/वा राष्ट्रिय अल्पसङ्ख्यकहरूका जमिन एवम् अन्य स्रोतहरूलाई लक्षित गरिएको र शोषण गरिएको छ, किनभने प्रायःजसो त्यस्ता क्षेत्रहरूले ऊर्जा उत्पादन र जलआपूर्तिका प्रचुर सम्भावना बोकेका हुन्छन् जबकि शोषित जनसङ्ख्या विशेषतः स्रोतको चोरीको सम्भावना खेपिरहेका हुन्छन् भनी मान्दछौं । प्रस्तावित एवम् लागु गरिएका नीति र कानुनहरूले प्रायसः यस्ता समुदायहरूलाई उनीहरूको जीवन र जीविकाबाट बञ्चित गरिरहेका हुन्छन् ।

हामी विश्व बाँध आयोगका ठहर, निष्कर्ष र सुझावहरूको पुनः समर्थन गर्दछौं । हामी उक्त प्रतिवेदनलाई नदी उपत्यकामा हुने आयोजना तथा ठूला बाँधको विध्वङ्सात्मक असर हुन्छन् भन्ने विश्वव्यापी दाबीको प्रमाण तथा त्यस्ता नोक्सानदायी अभ्यासहरूका विकल्पहरू अस्तित्वमा छन् भन्ने कुरा अस्वीकार गर्नेहरूलाई गतिलो जवाफ हो भन्ने ठान्दछौं । प्रतिवेदनले हाल भइरहेका पूर्वाधारहरू बाट प्राप्त गर्न सकिने तथा प्राप्त गरिएका लाभबीच विद्यमान ठूलो भिन्नतालाई देखाएको छ जसलाई कम गरिनुपर्दछ । विश्व बाँध आयोगको प्रतिवेदनलाई हाल अस्तित्वमा रहेका जल

pdfMachine by Broadgun Software

तथा जलविद्युत्सम्बन्धी नीतिहरूको पुनरावलोकन गर्ने, जल तथा जलविद्युत् क्षेत्रमा भावी आयोजनाहरूको योजना गर्ने र हाल अस्तित्वमा रहेका बाँधहरूले छोडेका सामाजिक तथा वातावरणीय असरहरूको सम्बोधन गर्ने एउटा रूपरेखाको रूपमा प्रयोग गरिनुपर्दछ ।

हामी माग गर्दछौँ कि,

१. जल तथा ऊर्जास्रोतसम्बन्धी आयोजनाहरूको योजना, निर्णयनिरूपण, कार्यान्वयन, सञ्चालन र विघटनका सम्बन्धमा प्रभावित भइसकेका वा हुने प्रबल सम्भावना रहेका जनताहरूलाई कानुनीरूपमा लागु गराउन सकिने गरी आ नो मातृभाषामा सूचनाको हक;

२. जल तथा ऊर्जास्रोतसम्बन्धी आयोजनाहरूको लागत, लाभ र असरहरूबारे अपेक्षा गरिएबमोजिम स्पष्ट र कानुनीरूपमा लागु गराउनसकिने जवाफदेहितासम्बन्धी मान्यताहरू; र

३. विश्वसनीयरूपमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नका लागि सरकार, संस्था, वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने निकाय तथा जनसङ्गठनहरूको क्षमता बृद्धि गर्ने ।

वातावरणीय प्रभाव मूल्याङ्कन,

स्वतन्त्र, जवाफदेही, सहभागितामूलक र आदिवासी तथा स्थानीय ज्ञानसँग मिल्दो हुनुपर्दछ; तथा निर्णयनिरुपणका लागि कानुनीरूपमा वाध्यात्मक औजार हुनुपर्दछ ।

स्थानीय तहमा,

१. कुनै पनि विकासआयोजनालाई स्वीकार्ने वा अस्वीकार गर्नसक्ने कानुनी अधिकारसहित आ नो जमिन, वन र जलस्रोतमाथि जनता तथा समुदायका अभिन्न एवम् परित्याग गर्ननसकिने अधिकारलाई स्वीकार र सम्मान गर्ने; तथा

२. आयोजनाहरूको योजना, कार्यान्वयन र अनुगमनमा जनताको अर्थपूर्ण सहभागिता, उत्पादित एवम् उपयोग भएको ऊर्जामा समतामूलक पहुँच र लाभको अङ्शलाई स्थानीय जनताको प्राथमिकताअनुसार उनीहरूको नियन्त्रणमा पुनः लगानी गर्ने कुरा सुनिश्चित गर्ने प्रभावकारी संस्थागत रूपरेखा तयार गर्ने ।

राष्ट्रिय तहमा,

१. प्रभावित जनतालाई क्षतिपूर्ति नदिएसम्म र विद्यमान बाँधहरूसँग सम्बन्धित सरोकारवालाहरूका सबै समस्याहरूको सन्तोषजनक समाधान नभएसम्म ठूला बाँध निर्माणमा रोक लगाउने;

२. दिगो एवम् कम लागतका विकल्पहरू पहिल्याउन निर्माणाधिन आयोजनाहरूको सहभागितामूलक तथा विश्वसनीय पुनरावलोकन; र

३. सम्पन्न भइसकेका विद्यमान ठूला बाँधहरूको असरका सम्बन्धमा व्यापक, सहभागितामूलक र विश्वसनीयरुपले आवधिक मूल्याङ्कन गर्ने तथा सुधारका आवश्यकताहरू भावी निर्णयका लागि बाध्यात्मक हुनुपर्ने ।

सरकारहरूका हकमा,

१. जनतालाई जल तथा जलविद्युत्सम्बन्धी नीति, कार्ययोजना र आयोजनाको योजना तर्जुमा र निर्णयनिरुपण गर्दा जनतालाई लोकतान्त्रिक, पारदर्शी एवम् जवाफदेहीपूर्ण बहस र छलफलमा सहभागी गर्ने गराउने;

pdfMachine by Broadgun Software

२. जलस्रोतलाई नाफाका निम्ति हुने निजीकरण, व्यापारीकरण र वाणिज्यकरण हुनबाट जोगाउने र त्यसको सट्टा जनता एवम् भावी पुस्तासमेतको साझा स्रोतको रूपमा उक्त स्रोतहरूमाथि समुदायको नियन्त्रण र संरक्षणलाई प्रबर्द्धन गर्ने;

३. अधिकारहरूको सम्मान, समानताको मान्यता र दिगोपनामा आधारित विकाससम्बन्धी दृष्टिकोणका निमित्त विश्व बाँध आयोगले प्रस्ताव गरेका निर्णयनिरुपणका रूपरेखाहरूलाई कार्यान्वयन गर्ने;

४. जनता तथा समुदायका आवश्यकताहरू समतामूलकरूपले पूर्ति गर्न नवीकरणीय ऊर्जास्रोतहरूको अधिकतम उपयोगसहित विकेन्द्रीत जल व्यवस्थापन तथा ऊर्जायोजनाहरूको बाटो अवलम्वन गर्ने;

५. वातावरणीय प्रभाव मूल्याङ्कनका अतिरिक्त बाँध तथा सम्बन्धित आयोजनाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक तथा स्वास्थ्यसम्बन्धी असरहरूको लेखाजोखा पनि गर्ने; र

६. विश्व बाँध आयोगले गरेको कार्यअनुरुप ठूला बाँधहरूको अवस्थाबारे राष्ट्रिय तहमा पुनरावलोकन गर्ने ।

क्षेत्रीय/अन्तर्राष्ट्रिय तहमा,

१. जल तथा जलसेवाहरूलाई विश्व व्यापार सङ्गठन र अन्य सबै व्यापार सङ्गठन तथा सन्धिहरूबाट अलग राख्ने;

२. सबैका निम्ति पर्याप्तरूपमा सफा र सुरक्षित खानेपानी उपलब्ध गराउने उपयुक्त उपायहरूलाई सहयोग गर्ने वा तिनको थालनी गर्ने;

३. सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय संस्था, “दाता”, लगानीकर्ता र व्यापारिक निकायहरूले विश्व बाँध आयोगद्वारा प्रस्तावित रूपरेखासँग मेल खाने नीति, मार्गदर्शन, कार्यक्रम र आयोजनाहरू ग्रहण गर्ने;

४. जल तथा जल आपूर्तिसम्बन्धी सबै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता र अन्य रचनात्मक व्यवस्थाहरू मानवअधिकार तथा वातावरणसम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मापदण्ड र विश्व बाँध आयोगले अघि सारेका ढाँचाअनुरुप सम्पन्न गर्ने;

५. क्षमताअभिबृद्धि, द्वन्द्वसमाधान र शिक्षालाई सहज तुल्याउन अन्तर्राष्ट्रिय सङ्गठन तथा गैरसरकारी संस्थाहरूका साथै स्थानीय एवम् समुदायमा आधारित सङ्गठनहरूसँग सहकार्य र ऐक्यबद्धता विकास गर्ने;

६. जलस्रोतसम्बन्धी सबै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सन्धिहरू आमरूपमा सम्बन्धित देशका सबै जनता तथा विशेषगरी प्रभावित जनताहरूको पूर्ण सहभागिता र संलग्नता हुनुपर्ने; तथा

७. यस क्षेत्रमा विकाससम्बन्धी सबै जलस्रोत आयोजना, योजना र कार्यान्वयनबारे सुसूचित गर्न व्यापक हिमालय क्षेत्रव्यापी क्षेत्रीय नीति अबलम्वन गर्ने ।

हामी निम्नलिखित कार्ययोजना लागु गर्न सामुहिकरूपमा प्रतिबद्ध छौं:

१. यस क्षेत्रका जल तथा ऊर्जास्रोतहरूको व्यवस्थापनबारे विकेन्द्रीत एवम् लोकतान्त्रिक दृष्टिकोणसहितका अनुभवहरू आदानप्रदान गर्ने;

२. जल, बाँध र ऊर्जासम्बन्धी सवालहरूमा, सिकाइ, बुझाइ र सहकार्यलाई समृद्ध तुल्याउन अभियानका तथा प्रभावित जनताबीच अनुभव आदानप्रदानका कार्यहरू सञ्चालन गर्ने;

pdfMachine by Broadgun Software

३. हाल सञ्चालित बाँधसँग सम्बन्धित विवादहरू हल गर्न समावेसी संवाद सञ्चालन गर्ने तथा भविष्यमा निर्णयनिरूपणका निमित्त खुला प्रक्रिया र ढाँचालाई प्रोत्साहित गर्ने;

४. विश्व बाँध आयोगका मापदण्ड र मार्गदर्शनहरूलाई प्रयोग गरी पहिले र अहिलेका विवादास्पद आयोजनाहरूको प्रभावबारे अध्ययन मूल्याङ्कन गर्ने तथा फाइदाका आधारमा बाँधको पुनरेखाङ्कन वा विघटन गर्न सुझाव दिने;

५. जनताकेन्द्रित विकासका निम्ति सुसूचित बहस, असल निर्णयनिरुपण तथा दिगो अभियानलाई सहयोग पुऱ्याउन संयुक्त व्यावहारिक अनुसन्धानहरू गर्ने;

६. विश्व बाँध आयोगको प्रतिवेदन र त्यसका सुझावहरूको कार्यान्वयन गर्नुका साथै विभिन्न राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय नीति निर्देशन र मापदण्डहरू बु  नका लागि तालिम तथा कार्यशालाहरू आयोजना गर्ने;

७. आमरूपमा दक्षिण एसियाका र विशेषगरी नेपाल भारत सीमास्थित जलस्रोतसम्बन्धी आयोजनाहरूका नकारात्मक अन्तरसीमा प्रभावका अनेकौं उदाहरणहरूलाई दृष्टिगत गर्दै समस्याहरूको सूचीकृत गर्ने तथा तिनका निष्कर्षहरूलाई समस्यासमाधानको पहिलो खुट्किलोका रूपमा प्रयोग गर्न प्रचारप्रसार गर्ने;

८. अख्तियारवाला धेरै पदाधिकारी एवम् सञ्चारमाध्यमद्वारा नेपालले बाढीको पानी नियन्त्रण गर्ने र छोड्ने गरेका कारण भारतमा बाढी आँउछ भन्ने गलत छापलाई हटाउने;

९. पीडितका अधिकार र सरोकारहरूको संरक्षणका लागि हाल उपलब्ध सबै घरेलु तथा अन्तर्राष्ट्रिय उपचारहरूको यथासम्भव उपयोग गर्दै उपलब्ध उपचारपद्धतिलाई सुधार र परिवर्तन गर्ने तथा जुन बढी प्रभावकारी छन् तिनलाई प्रतिस्थापित गर्ने;

१०. जलसम्बन्धी द्वन्द्वहरूको समाधान गर्न स्थानीय तहदेखि राष्ट्रिय र द्विपक्षीय तहदेखि बहुपक्षीय तहसम्म सम्भव सबै उपायहरूलाई प्रयोग गर्ने;

११. विश्व बाँध आयोग एवम् अन्य मानवअधिकार तथा वातावरणीय कानुन र नीतिगत ढाँचामा आधारित दक्षिण एसियाली र/वा अन्तर्राष्ट्रिय जल तथा बाँधसम्बन्धी सन्धिहरूको विकासका लागि सामुहिक पहल गर्ने; र

१२. जल तथा उर्जासम्बन्धी दक्षिण एसियाली सञ्जाल तथा स्रोत सामग्री केन्द्र स्थापना गर्ने ।

यो अन्तर्राष्ट्रिय परामर्श नर्मदा बचाओ आन्दोलन, दक्षिण एसियाली बाँध, नदी तथा जनतासम्बन्धी सञ्जाल तथा अन्य धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समूह र आन्दोलनहरूको सहयोगमा जल तथा ऊर्जा उपभोक्ता महासङ्घ नेपाल (Water and Energy Users' Federation, Nepal-WAFED) ले आयोजना गरेको हो । यसमा ५० भन्दा बढी नेपालका सरकारी निकाय, अनुसन्धान संस्था र कम्पनीहरूसहित विभिन्न आन्दोलनहरूमा संलग्न ३०० भन्दा बढी नेपाली तथा अन्तर्राष्ट्रिय सहभागीहरू थिए ।

दक्षिण एसियाली जल तथा जनऐक्यबद्धता मञ्च (South Asian Solidarity for Rivers and Peoples - SARP) को स्थापना यस परामर्श सम्मेलनको निर्णय हो । यसको सचिवालय हाल वाफेडको कार्यालय, काठमाडौंमा रहेको छ ।

अनुवादकः दामोदर उपाध्याय

pdfMachine by Broadgun Software